कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
नेपाल
सिंहदरबार, काठमाडौं

प्रमाणीकरण गर्ने विधायनको निर्देशिका
दर्ता नं: ८२/०८२
दर्ता मिति: २०८२/१२/२

# बीमकको विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी निर्देशन, २०८२

**प्रस्तावना:** बीमकले पुनर्बीमा, रेट्रोशेसन, विदेशबाट आयात गर्ने परामर्श सेवा बापत भुक्तानी गर्नुपर्ने विदेशी मुद्रा सटही सिफारिस गर्ने कार्यलाई पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी बीमा प्राधिकरणद्वारा देहाय बमोजिमको बीमकको विदेशी मुद्रा सटही सिफारिस निर्देशन जारी गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशनको नाम " **बीमकको विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी निर्देशन, २०८२**" रहेको छ।

(२) यो निर्देशन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "ऐच्छिक (फ्याकल्टेटिभ) पुनर्बीमा" भन्नाले पुनर्बीमा सम्झौतामा निश्चित गरिएको शर्त भन्दा फरक जोखिम तथा ट्रिटीले धारण गर्ने जोखिमको अंश भन्दा बाहेक वा छुट्टा छुट्टै गरिने पुनर्बीमा सम्झनु पर्छ।

(ग) ''बीमक'' भन्नाले ऐन बमोजिम दर्ता भएका बीमक, पुनर्बीमक वा लघु बीमक सम्झनु पर्छ।

(घ) ''प्राधिकरण'' भन्नाले नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(ङ) "रेट्रोसेशन" भन्नाले पुनर्बीमकले ग्रहण गरेको जोखिममा त्यस्तो पुनर्बीमकले अर्को पुनर्बीमकसँग गरेको पुनर्बीमाको हिस्सालाई सम्झनु पर्छ।

(च) "टिट्री पुनर्बीमा" भन्नाले बीमकले धारण गरेको जोखिम बाहेक बाँकी रहेको हिस्सा स्वदेशी बीमक, पुनर्बीमक तथा विदेशी पुनर्बीमकसँग गरेको सम्झौता सम्झनु पर्छ।

(छ) "लाभांश फिर्ता" (Repatriation) भन्नाले विदेशी लगानीकर्ता बीमकले आफ्नो देशमा आर्जित मुनाफा फिर्ता लिने कार्य सम्झनु पर्छ।

(ज) "तेस्रो पक्ष सहजकर्ता" भन्नाले बीमक र बीमितबीच बीमा सञ्चालन गर्नका लागि माध्यमको रुपमा काम गर्ने इजाजतपत्रप्राप्त बीमा मध्यस्थकर्ता सम्झनु पर्छ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## परिच्छेद - २

## विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था

३. **विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था:** (१) बीमकले विदेशी बीमक वा पुनर्बीमक वा नेपालमा रहेका बीमकमा लगानी गर्ने विदेशी लगानीकर्ता वा बीमकलाई सेवाप्रदान गर्ने विदेशी सेवाप्रदायक संस्थालाई सिधै वा बीमा दलालको संलग्नतामा गरिएको पुनर्बीमा संग सम्बन्धित पुनर्बीमा शुल्क तथा बीमा दावी रकम, लाभांश फिर्ता, परामर्श सेवा लिए बापतको रकम भुक्तानी गर्न प्राधिकरणको सिफारिस लिएर मात्र गर्नु पर्नेछ ।

(२) बीमकले यस निर्देशनको अतिरिक्त विदेशी लगानीसँग सम्बन्धित प्रचलित कानून र नेपाल राष्ट्र बैंकले विदेशी विनिमय व्यवस्थापन सम्बन्धमा जारी गरेको निर्देशनको समेत पालना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस माग गर्दा भारतको हकमा भारतीय मुद्रामा तथा अन्य मुलुकको हकमा उक्त मुलुकको प्रचलित स्वदेशी मुद्रा वा परिवर्तनीय अमेरिकन डलरमा मात्रै भुक्तानीका लागि सिफारिस माग गर्नुपर्नेछ ।

(४) बीमकले पुनर्बीमा शुल्क बापत विदेशी मुद्रा सटही सिफारिस माग गर्दा बीमकले धारण गरेको जोखिमको हिस्सा बाहेकको बाँकी जोखिम शत प्रतिशत हस्तान्तरण गरेको अनुसुची-१ बमोजिमको विवरण तथा स्वघोषणा सहितको सारांश (Summary Sheet) पेस गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम सटही सिफारिस माग गर्दा प्रचलित कर, सेवा शुल्क, पुनर्बीमा कमिशन वा त्यस्तै कुनै छुटहरु पाउने भएमा सो समेत कट्टा गरी खुद रकमको भुक्तानीका लागि नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था मार्फत विप्रेषण हुने गरी सिफारिस माग गर्नुपर्नेछ ।

(६) प्राधिकरणले विदेशी मुद्रा सटही सिफारिस गर्दा डेबिट नोट वा बीजक जारी गर्ने सम्बन्धित पुनर्बीमक वा पुनर्बीमा दलाल वा विदेशी सेवाप्रदायक संस्थाको नाममा मात्र गर्नुपर्नेछ ।

(७) सटही सिफारिसका लागि प्राधिकरणमा पेश हुने निवेदनमा बीमकका प्रमुख कार्यकारी अधिकृतले हस्ताक्षर गर्नुपर्नेछ । सटहीको लागि पेश हुने सबै संलग्न कागजातको प्रतिलिपिमा बीमक वा पुनर्बीमकको छाप सहित सम्बन्धित कर्मचारीले हस्ताक्षर गर्नुपर्नेछ ।

(८) बीमकले प्राधिकरणबाट सटही सिफारिस प्राप्त मितिले बाणिज्य बैंकको हकमा पन्ध्र दिन र नेपाल राष्ट्र बैंकको हकमा तीस दिन भित्र भुक्तानी गरी सोको निस्सा तीन दिन भित्र प्राधिकरणमा पेस गर्नुपर्नेछ ।

## परिच्छेद -३

## पुनर्बीमा शुल्क तथा दावी सम्बन्धी विदेशी मुद्रा सटही

४. **पुनर्बीमा शुल्क सटही:** (१) पुनर्बीमा शुल्कको विदेशी मुद्रा सटही सिफारिस माग गर्दा ट्रिट्रि पुनर्बीमा वा रेट्रोसेशनको हकमा अनुसूची-२, ऐच्छिक (फ्याकल्टेटिभ) पुनर्बीमा वा ऐच्छिक (फ्याकल्टेटिभ) रेट्रोसेशन पुनर्बीमाको हकमा अनुसूची-३ बमोजिमको कागजातहरु संलग्न गरी प्राधिकरणमा पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सटही सिफारीस माग गर्दा भुक्तानी गर्नु पर्ने अन्तिम मिति उल्लेख भएकोमा सो मितिको कम्तीमा पन्ध्र दिन अगावै विदेशी मुद्रा सटही सिफारिसका लागि प्राधिकरणमा पेस गर्नुपर्नेछ।

(३) पुनर्बीमा शुल्क किस्ताबन्दीमा भुक्तानी गर्नुपर्ने भएमा पहिले भुक्तानी गरीसकेको रकमको विवरण तथा निस्सा सहित विदेशी मुद्रा सटही सिफारिसका लागि प्राधिकरणमा पेस गर्नुपर्नेछ।

५. **दावी सम्बन्धी सटही**: विदेशी बीमक वा विदेशी ब्रोकरलाई बीमाको दावी बापतको भुक्तानी गर्दा ट्रिटी वा फ्याकल्टेटिभ हिसाब किताब मिलान गरी अनुसूची-४ बमोजिमको कागजातहरु संलग्न गरी प्राधिकरणमा पेस गर्नुपर्नेछ।

## परिच्छेद -४

## परामर्श सेवा शुल्क र लाभांश फिर्ता सम्बन्धी विदेशी मुद्रा सटही

६. **परामर्श सेवा शुल्क सम्बन्धी सटही** : बीमकले विदेशी संस्थाबाट देहाय बमोजिमको शीर्षक अन्तर्गत लिएको परामर्श सेवा बापतको सटही सिफारिस माग गर्दा देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्नेछः-

(क) बीमाङ्कीको पारिश्रमिक, विशेषज्ञ सेवा, क्रेडिट रेटिङ्ग सेवा, परामर्श सेवा शुल्कको लागि अनुसूची-५ बमोजिम,

(ख) विदेशी सर्भेयरको पारिश्रमिकको लागि अनुसूची-६ बमोजिम,

(ग) सफ्टवेयर सम्बन्धी भुक्तानीको लागि अनुसूची-७ बमोजिम,

(घ) तेस्रो पक्ष सहजकर्ताको लागि अनुसूची-८ बमोजिम।

७. **विदेशमा आयोजित कार्यक्रममा सहभागिता शुल्क**: बीमकका प्रतिनिधीहरु विदेशमा आयोजित तालिम, कार्यशाला, गोष्ठि, सभा सम्मेलन जस्ता कार्यक्रममा सहभागी भए बापत लाग्ने शुल्क भुक्तानी गर्न सटही सिफारिसका लागि अनुसूची-९ बमोजिमको कागजातहरु संलग्न गरी पेस गर्नुपर्नेछ।

८. **अन्तर्राष्ट्रिय संघ संस्थामा आवद्ध भए बापतको शुल्क**: बीमकले बीमा सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थामा आवद्ध भए बापत भुक्तानी गर्नु पर्ने शुल्कका लागि सटही सिफारिस माग गर्दा अनुसूची-१० बमोजिमको कागजातहरु संलग्न गर्नुपर्नेछ।

९. **लाभांश फिर्ता (Repatriation)**: विदेशमा प्रधान कार्यालय रही नेपालमा शाखा कार्यालय रहेको तथा संयुक्त लगानीमा स्थापित बीमक कम्पनी तथा पुनर्बीमा दलाल कम्पनीले आर्जन गरेको नाफा बापतको रकम फिर्ता लैजाने प्रयोजनका लागि सटही सिफारिस माग गर्दा अनुसूची-११ बमोजिमको कागजातहरु संलग्न गर्नुपर्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

## परिच्छेद -५

## विविध

१०. **रेटिङ्ग प्राप्त पुनर्बीमकले मात्र सुविधा पाउने:** पुनर्बीमा वा रेट्रोसेशन बापत विदेशी मुद्रा सटही माग गर्दा प्राधिकरणले जारी गरेको **बीमकको पुनर्बीमा निर्देशिका** बमोजिम सूचीकरण भएका विदेशी पुनर्बीमक तथा पुनर्बीमा दलाल र सोही निर्देशिका बमोजिमको रेटिङ्ग प्राप्त पुनर्बीमकको लागि मात्र सिफारिस गरिनेछ।

तर **बीमकको** पुनर्बीमा **निर्देशिका,** २०८० लागू हुनु पूर्व गरिएका बीमा वा पुनर्बीमा सम्झौतासँग सम्बन्धित रकमको भुक्तानीका लागि विदेशी मुद्रा सटही सिफारिस माग गर्न वा प्रदान गर्न यस व्यवस्थाले वाधा पुर्याएको मानिने छैन।

११. **अभिलेख सुरक्षित राख्नु पर्ने:** बीमकले विदेशी मुद्रा सटही सिफारिस मागका लागि पेस गरिएका कागजातहरु तथा स्वीकृति पत्र कार्य सम्पन्न भएको मितिले कम्तिमा पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

१२. **विवरण पेश गर्नु पर्ने:** बीमकले यस निर्देशन बमोजिम सिफारीस लिई भुक्तानी गरेको विदेशी मुद्राको विवरण प्राधिकरणले तोके बमोजिमको ढाँचा वा प्रणालीमा प्रत्येक त्रैमास समाप्त भएको मितिले पन्ध्र दिन भित्र प्राधिकरणमा तथ्याङ्क पेश गर्नु पर्नेछ।

१३. **प्रचलित कानून बमोजिम हुने:** यस निर्देशनमा उल्लिखित कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएको रहेछ भने बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था लागू हुनेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

अनुसूची १
दफा ३ को उपदफा (४) सँग सम्बन्धित
... ... ... ... कम्पनी लि.
... ... ..., काठमाडौं

SAMPLE FACULTATIVE REINSURANCE SEGREGATION SHEET

Insured Name: Policy No.:
Portfolio: Sum Assured:
Period: Premium:

| SN | Particular | % | Allocated Sum Assured | Premium |
|---|---|---|---|---|
| 1 | **Gross Sum Assured** | | **3,000,000,000.00** | **6,000,000.00** |
| | Less: Coinsurance Share if any (15%) | | 450,000,000.00 | 900,000.00 |
| 2 | **Insured Sum Assured (1-Coinsurance share)** | **100%** | **2,550,000,000.00** | **5,100,000.00** |
| 3 | **Direct Cession** | | | |
| | Nepal Reinsurance Co. Ltd | 4.00% | 102,000,000.00 | 204,000.00 |
| | Himalayan Reinsurance Limited | 4.00% | 102,000,000.00 | 204,000.00 |
| 4 | **QS Treaty** | | | |
| | Quota Retention | 2.00% | 51,000,000.00 | 102,000.00 |
| | Quota Share | 10.00% | 255,000,000.00 | 510,000.00 |
| | Surplus | 15.00% | 382,500,000.00 | 765,000.00 |
| | SRPL 1 | 10.00% | 255,000,000.00 | 510,000.00 |
| | SRPL 2 | 10.00% | 255,000,000.00 | 510,000.00 |
| 5 | **Auto FAC** | 20.00% | 510,000,000.00 | 1,020,000.00 |
| 6 | **Total Treaty Capacity (3+4+5)** | 75.00% | 1,912,500,000.00 | 3,825,000.00 |
| 7 | **FAC Offer (Local)** | | | |
| | **Name of Local Fac Insurer if any /Reinsurer.1** | 8.00% | 204,000,000.00 | 408,000.00 |
| | **Name of Local Fac Insurer if any/Reinsurer.2** | 3.00% | 76,500,000.00 | 153,000.00 |
| 8 | **FAC Reinsurance (Abroad) (2-6-7)** | **14.00%** | **357,000,000.00** | **714,000.00** |
| 9 | **Total (6+7+8)** | **100.00%** | **2,550,000,000.00** | **5,100,000.00** |

नेपाल बीमा प्राधिकरण
★ NEPAL INSURANCE AUTHORITY ★

## FACULTATIVE RE INSURANCE SUMMARY SHEET

| SN | Broker Name | Broker Enlistment Number | Debit/Credit Note invoice Number | Reinsurance Co. | Reinsurance Enlistment Number | Share % | Sum Assured | Premium | Commission | 0.75% Service Charge | TDS **% | Payable Balance | Payable Currency |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ABC 1 | ***** | *** | XTZ | *** | 5.00% | 127,500,000 | 255,000.00 | 50,000.00 | 1,912.50 | 3,825.00 | 199,262.50 | USD |
| 2 | ABC 1 | ***** | *** | YFX | *** | 5.00% | 127,500,000 | 255,000.00 | 50,000.00 | 1,912.50 | 3,825.00 | 199,262.50 | USD |
| 3 | ABC 2 | ***** | *** | EFG | *** | 4.00% | 102,000,000 | 204,000.00 | **20,000.00** | 1,530.00 | 3,060.00 | 179,410.00 | USD |
| | **Total** | | | | | **14.00 %** | **357000000** | **714000** | **120000** | **5355** | **10710** | **577935** | |

## Declaration Statement

We, the undersigned, do hereby solemnly affirm and declare that the information contained in this facultative reinsurance segregation and summary Sheet is, to the best of our knowledge, information, and belief, true, correct, and complete in all material respects. We further confirm that the data and particulars disclosed herein accurately represent the reinsurance arrangements undertaken by the company for the specified policy mentioned in this sheet.

Authorized Signatory:

______________________________

Name:

______________________________

Designation: ______________________________

Seal of the Company

… … … … कम्पनी लि.

… … …, काठमाडौं

## SAMPLE PROPORTIONAL TREATY SUMMARY SHEET

**Treaty Name:**

**Lead Reinsurer name:**

**Portfolio:** **Quarter/Period:**

**Note: Separately submitted for each portfolio**

| SN | Particular | Premium | |
|---|---|---|---|
| 1 | Gross QS Premium | | ***** |
| 2 | Less: Net Retained Premium/Net Retention Premium | *** | |
| 3 | Balance QS Premium (1-2) | | ****** |
| 4 | Add: Surplus Premium | *** | |
| 5 | Total QS and Surplus Premium (3+4) | | ****** |
| 6 | Less: TDS | *** | |
| 7 | Less: NIA Charge | *** | |
| 8 | Balance (5-6-7) | | ****** |
| 9 | Less RI Commission | *** | |
| 10 | Balance (8-9) | | ****** |
| 11 | Less: Claims | *** | |
| 12 | Net payables (10-11) | | ****** |

## Segregation Sheet

| SN | Broker | Debit/Credit Note invoice Number | Broker enlistment No. | Reinsurer | Reinsure Enlistment | Signe Line (%) | Share of Premium | Payable Currency |
|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | |
| 2 | | | | | | | | |
| 3 | | | | | | | | |
| 4 | | | | | | | | |
| | Total | | | | | | | |

## Declaration Statement

We, the undersigned, do hereby solemnly affirm and declare that the information contained in this proportional summary sheet is and segregation sheet, to the best of our knowledge, information, and belief, true, correct, and complete in all material respects. We further confirm that the data and particulars disclosed herein accurately represent the reinsurance arrangements undertaken by the company for the specified policy mentioned in this sheet.

Authorized Signatory: ______________________

Name: ______________________

Designation: ______________________

Seal of the Company

नेपाल बीमा प्राधिकरण ★ NEPAL INSURANCE AUTHORITY ★

… … … …बीमक / पुनर्बीमा कम्पनी लि.

… … …, काठमाडौं

## Sample Non-Proportional Treaty Placement Summary Sheet

| | |
|---|---|
| **Program Name** | |
| **Leader** | |
| **Lead Share** | |
| **EGNPI: Rs.** | |

| Layer | Limit | Deductible | EGNPI | Rate | XL Premium | ROL % | MDP |
|---|---|---|---|---|---|---|---|
| Layer 1 | | | | | | | |
| Layer 2 | | | | | | | |
| Layer 3 | | | | | | | |
| Layer 4 | | | | | | | |
| Layer 5 | | | | | | | |
| Total | | | | | | | |

## Placement Segregation Sheet

| S.N. | Broker Name | Broker Enlistment Number | Reinsurer | Reinsurer Enlistment Number | Signed Line | Leader/Follower | Payment Amount | Currency (USD, NPR) | 0.75% Regulatory Charge | TDS **% | Net Payable (Total) | First Installment | Second Installment | Third Installment | Fourth Installment | Total Paid | Balance |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | Leader | | | | | | | | | | | |
| 2 | | | | | | Follower | | | | | | | | | | | |
| 3 | | | | | | Follower | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 4 | | | | | | Follower | | | | | | | | | | | |
| 5 | | | | | | Follower | | | | | | | | | | | |
| **Total** | | | | | | | | | | | | | | | | | |

**Declaration Statement**

We, the undersigned, do hereby solemnly affirm and declare that the information contained in this non proportional treaty placement summary sheet and Segregation Sheet is, to the best of our knowledge, information, and belief, true, correct, and complete in all material respects. We further confirm that the data and particulars disclosed herein accurately represent the reinsurance arrangements undertaken by the company for the specified policy mentioned in this sheet.

Authorized Signatory: ______________________

Name: ______________________________

Designation: ______________________

… … … …बीमक / पुनर्बीमा कम्पनी लि.
… … …, काठमाडौं

**Sample Non-Proportional Treaty-Adjustment Premium Placement Summary Sheet**

| | |
|---|---|
| Program Name | |
| Leader | |
| Lead Share | |
| EGNPI: Rs. | |
| GNPI | |

| Layer | Limit | Deductible | EGNPI | GNPI | Rate | XL Premium | XL Premium (based on GNPI) | ROL % | MDP | Adjustment Premium |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Layer 1 | | | | | | | | | | |
| Layer 2 | | | | | | | | | | |
| Layer 3 | | | | | | | | | | |
| Layer 4 | | | | | | | | | | |
| Layer 5 | | | | | | | | | | |
| Total | | | | | | | | | | |



नेपाल बीमा प्राधिकरण

## Placement Segregation

| S.N. | Broker Name | Reinsurer | Signed Line | Leader/Follower | Payment Amount | Currency (USD/INR) | 0.75% Regulatory Charge | **% TDS | Net (Adjustment Premium) Payable (Total) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | Leader | | | | | |
| 2 | | | | Follower | | | | | |
| 3 | | | | Follower | | | | | |
| 4 | | | | Follower | | | | | |
| 5 | | | | Follower | | | | | |
| | Total | | 0% | | | | | | |

**Declaration Statement**

We, the undersigned, do hereby solemnly affirm and declare that the information contained in this Reinsurance Segregation and Summary Sheet is, to the best of our knowledge, information, and belief, true, correct, and complete in all material respects. We further confirm that the data and particulars disclosed herein accurately represent the reinsurance arrangements undertaken by the company for the specified policy mentioned in this sheet.

Authorized Signatory: ______________________

Name: ______________________

Designation: ______________________

अनुसूची-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

... ... ... ... कम्पनी लि.

... ... ..., काठमाडौं

**ट्रिटि पुनर्बीमाशुल्क प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि परीक्षण सूची**

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १ | ट्रिटीको प्रकार | |
| २ | रक्षावरण गरिएको जोखिम (पोर्टफोलियो) | |
| ३ | पुनर्बीमक नाम र रेटिङ्ग | |
| ४ | पुनर्बीमकको सूचीकरण नम्बर | |
| ५ | पुनर्बीमा ब्रोकरको नाम | |
| ६ | पुनर्बीमा ब्रोकरको सुचिकरण नम्बर | |
| ५ | रक्षावरण अवधि | |
| ६ | डेबिट नोट संख्या | |
| ७ | क्रेडिट नोट संख्या (यदि भएमा) | |
| ८ | भुक्तानीको तरिका (किस्ताको किसिम यदि भएमा) | |
| ९ | राजस्व दाखिला भौचर | |
| १० | आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| ११ | सिफारिस माग गरिएको रकम (अंकमा) | |
| १२ | सिफारिस माग गरिएको रकम (अक्षरमा) | |
| १३ | सिफारिस माग गरिएको विदेशी मुद्रा | |
| १४ | सिफारिस माग गरिएको बैंकको नाम र शाखा | |
| १५ | क्रमानुसार पेश गर्नुपर्ने कागजातः | |
| | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. डेबिट वा क्रेडिट नोट | |
| | घ. समरी सिट वा क्यालकुलेसन सिट | |
| | ङ. राजस्व दाखिला भौचर | |
| | च. आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |

**नोटः** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लिखित प्रत्येक कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ ।

| | |
|---|---|
| **तयार गर्नेको हस्ताक्षरः ...........** | **स्वीकृत गर्नेको हस्ताक्षरः ...........** |
| **तयार गर्नेको नामः ...........** | **स्वीकृत गर्नेको नाम : ...........** |
| **मितिः ...........** | **मितिः ...........** |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| स्व: घोषणा |
| --- |
| यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि ट्रिटि पुनर्बीमा प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ। |
| प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर: |
| प्रमुख कार्यकारी अधिकृतको नाम: |
| कम्पनीको नाम: |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## अनुसूची ३

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

… … … … कम्पनी लि.

… … …, काठमाडौं

**<u>फ्याकल्टेटिभ पुनर्बीमाशुल्क प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि परीक्षण सूची</u>**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | बीमालेखन र बिमितको नाम | |
| २ | रक्षावरण गरिएको जोखिम (पोर्टफोलियो) | |
| ३ | पुनर्बीमक नाम र रेटिङ्ग | |
| ४ | भुक्तानी गरिसक्नु पर्ने अन्तिम दिन | |
| ५ | कभर नोट | |
| ६ | क्लोजिङ्ग पार्टिकुलर्स | |
| ७ | पुनर्बीमा ब्रोकरको नाम | |
| ८ | रक्षावरण अवधि | |
| ९ | डेबिट नोट संख्या | |
| १० | क्रेडिट नोट संख्या | |
| ११ | बीमाशुल्क दाखिला गरेको भौचर | |
| १२ | बीमाशुल्क दाखिला भएको बैंक स्टेटमेन्ट | |
| १३ | बीमकले बीमाशुल्क प्राप्त पश्चात जारी गरेको बिजक | |
| १४ | भुक्तानीको तरिका (किस्ताको किसिम यदि भएमा) | |
| १५ | राजस्व दाखिला भौचर | |
| १६ | आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| १७ | सिफारिस माग गरिएको रकम (अंकमा) | |
| १८ | सिफारिस माग गरिएको रकम (अक्षरमा) | |
| १९ | सिफारिस माग गरिएको विदेशी मुद्रा | |
| २० | सिफारिस माग गरिएको बैंकको नाम र शाखा | |
| २१ | **क्रमानुसार पेश गर्नुपर्ने कागजात:** | |
| | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. कभर नोट | |
| | घ. क्लोजिङ्ग पार्टिकुलर्स | |
| | ङ. डेबिट/क्रेडिट नोट | |
| | च. बीमाशुल्क दाखिला गरेको भौचर | |
| | छ. बीमाशुल्क दाखिला भएको बैंक स्टेटमेन्ट | |
| | ज. बीमकले बीमाशुल्क प्राप्त पश्चात जारी गरेको बिजक | |
| | झ. फ्याक्लटेटिभ समरी सिट/क्यालकुलेसन सिट | |

| | |
|---|---|
| ञ. | राजस्व दाखिला भौचर |
| ट. | आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण |

**नोटः** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित हरेक कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ ।

| | |
|---|---|
| **तयार गर्नेको हस्ताक्षर... ... ... ... ...** | **स्वीकृत गर्नेको हस्ताक्षर... ... ... ...** |
| **तयार गर्नेको नाम... ... ... ... ...** | **स्वीकृत गर्नेको नाम... ... ... ... ...** |
| **मिति ... ... ... ... ...** | **मिति ... ... ... ... ...** |

**स्वः घोषणा**

यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि फ्याकल्टेटिभ पुनर्बीमा शुल्कको प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ ।

प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर:

प्रमुख कार्यकारी अधिकृतको नाम:

कम्पनीको नाम:

## अनुसूची ४
### (दफा ५ सँग सम्बन्धित)

… … … … कम्पनी लि.

… … …, काठमाडौं

**<u>दावी भुक्तानी विदेशी मुद्रा भुक्तानी प्रयोजनको लागि परीक्षण सूची</u>**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | दावी भुक्तानी गर्नु पर्ने बीमाको प्रकार | |
| २ | बीमितको नाम | |
| ३ | बीमालेख नम्बर | |
| ४ | बीमाङ्क रकम | |
| ५ | दावीमा बीमा कम्पनीको हिस्सा (%) मा | |
| ६ | दावीमा पुनर्बीमकको हिस्सा (%) मा | |
| ७ | बीमाको जोखिम अवधि | |
| ८ | दावी भुक्तानीको स्वीकृती दावी प्रमुख/ प्रमुख कार्यकारी अधिकृत/ दावी भुक्तानी समिति | |
| ९ | डिस्चार्ज भौचर | |
| १० | भुक्तानी गरिने रकम (**अङ्कमा**) | |
| ११ | भुक्तानी गरिने रकम (**अक्षरमा**) | |
| १२ | सिफारिस माग गरिएको मुद्राको प्रकार | |
| १३ | भुक्तानी गरिने बैंकको **नाम र शाखा** | |
| १४ | समरी सिट वा क्यालकुलेसन सिट | |
| १५ | दावीको आंशिक भुक्तानी भएमा पहिलो भुक्तानी गरिएको निस्सा | छ……<br>छैन ……. |
| १६ | **क्रमानुसार पेश गर्नुपर्ने कागजात:** | |
| १७ | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. विजक | |
| | घ. सञ्चालक समितिको निर्णय | |
| | ङ. सर्भेयर रिपोर्ट वा ट्रिटि पुनर्बीमा Cover note with sign Line वा फ्याकल्टेटिभ पुनर्बीमा Cover Note (आवश्यकता अनुसार) | |
| | च. राजस्व दाखिला गरिएको प्रमाण (आवश्यकता अनुसार) | |
| | छ. आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण (आवश्यकता अनुसार) | |
| | ज. समरी सिट | |

**नोट:** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित सम्पूर्ण कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ ।

| | |
|---|---|
| **तयार गर्नेको हस्ताक्षर… … … … …** | **स्वीकृत गर्नेको हस्ताक्षर… … … … …** |
| **तयार गर्नेको नाम… … … … …** | **स्वीकृत गर्नेको नाम… … … … …** |



नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

<table>
<tr><td>मिति ... ... ... ... ...</td><td>मिति ... ... ... ... ...</td></tr>
<tr><td colspan="2"><u>स्व: घोषणा</u></td></tr>
<tr><td colspan="2">यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि दावी भुक्तानीको प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ ।</td></tr>
<tr><td colspan="2">प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर:</td></tr>
<tr><td colspan="2">प्रमुख कार्यकारी अधिकृतको नाम:</td></tr>
<tr><td colspan="2">कम्पनीको नाम:</td></tr>
</table>

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

अनुसूची ५

(दफा ६ को खण्ड (क) सँग सम्बन्धित)

... ... ... ... कम्पनी लि.

... ... ..., काठमाडौं

**बीमाङ्कीको पारिश्रमिक / विशेषज्ञ सेवा, क्रेडित रेटिङ सेवा, परामर्श सेवा शुल्क बापतको विदेशी मुद्रा भुक्तानी प्रयोजनको लागि परीक्षण सूची**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | बीमाङ्कीको/ विशेषज्ञ सेवा/ रेटिङ सेवा/ परामर्श सेवा प्रदान गर्नेको नाम | |
| २ | बीमाङ्कीको/ विशेषज्ञ सेवा/ रेटिङ शुल्क/ परामर्श सेवा प्रदान गर्ने फर्म वा संस्थाको नाम | |
| ३ | बीमाङ्की/ विशेषज्ञ सेवा/ रेटिङ शुल्क/ परामर्श सेवा प्रदायकसँग सेवा लिएको विषय | |
| ४ | बीमक र बीमाङ्की/ विशेषज्ञ सेवा/ रेटिङ शुल्क/ परामर्श सेवा प्रदायकसँग बीच भएको सम्झौता | |
| ५ | बीमाङ्की नियुक्ति / विशेषज्ञ सेवा/ रेटिङ सेवा/ परामर्श सेवा प्रदान गर्ने सम्बन्धमा बीमा प्राधिकरणबाट प्राप्त स्वीकृत | |
| ६ | डेबिट नोट / विजक | |
| ७ | समरी सिट वा क्यालकुलेसन सिट | |
| ८ | राजस्व दाखिला गरिएको प्रमाण /राजस्व दाखिला भौचर | |
| ९ | आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| १० | सिफारिस माग गरिएको रकम (**अंकमा**) | |
| ११ | सिफारिस माग गरिएको रकम (**अक्षरमा**) | |
| १२ | सिफारिस माग गरिएको विदेशी मुद्रा | |
| १३ | सिफारिस माग गरिएको बैंकको नाम र शाखा | |
| १४ | **क्रमानुसार पेश गर्नुपर्ने कागजातः** | |
| | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. बीमक र बीमाङ्की / विशेषज्ञ सेवा/ रेटिङ सेवा/ परामर्श सेवा प्रदायक बीचको सम्झौता | |
| | घ. बीमाङ्की नियुक्ति / विशेषज्ञ सेवा/ रेटिङ सेवा/ परामर्श सेवा प्रदान गर्ने सम्बन्धमा बीमा प्राधिकरणबाट प्राप्त स्वीकृत (आवश्यकताको आधारमा) | |
| | ङ. डेबिट नोट / विजक | |
| | च. समरी सिट वा क्यालकुलेसन सिट | |
| | छ. राजस्व दाखिला गरिएको प्रमाण /राजस्व दाखिला भौचर | |
| | ज. आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| | |
|---|---|
| **नोटः** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित सम्पूर्ण कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ। | |
| **तयार गर्नेको हस्ताक्षर... ... ... ... ...** | **स्वीकृत गर्नेको हस्ताक्षर... ... ... ... ...** |
| **तयार गर्नेको नाम... ... ... ... ...** | **स्वीकृत गर्नेको नाम... ... ... ... ...** |
| **मिति ... ... ... ... ...** | **मिति ... ... ... ... ...** |

**स्वः घोषणा**

| |
|---|
| यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि बीमाङ्कीको पारिश्रमिक / विशेषज्ञ सेवा/ क्रेडित रेटिङ सेवा/ परामर्श सेवा शुल्क बापत विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ। |
| प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर: |
| प्रमुख कार्यकारी अधिकृतको नाम: |
| कम्पनीको नाम: |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

अनुसूची-६

(दफा ६ को खण्ड (ख) सँग सम्बन्धित)

... ... ... ... कम्पनी लि.

... ... ..., काठमाडौं

**विदेशी सर्भेयर शुल्क बापत विदेशी मुद्रा भुक्तानी प्रयोजनको लागि परीक्षण सूची**

<table>
<tr><th>क्र.सं.</th><th>शीर्षक</th><th>विवरण</th></tr>
<tr><td>१</td><td>विदेशी सर्भेयरको नाम</td><td></td></tr>
<tr><td>२</td><td>विदेशी सर्भेयरको फमको नाम</td><td></td></tr>
<tr><td>३</td><td>विदेशी सर्भेयरको नियुक्तिको प्रयोजन</td><td></td></tr>
<tr><td>४</td><td>बीमकले विदेशी सर्भेयर नियुक्त गरेको प्रमाण</td><td></td></tr>
<tr><td>५</td><td>विदेशी सर्भेयर नियुक्ती सम्बन्धमा बीमा प्राधिकरणबाट प्राप्त स्वीकृती</td><td></td></tr>
<tr><td>६</td><td>विजक</td><td></td></tr>
<tr><td>७</td><td>राजस्व दाखिला गरिएको प्रमाण / राजस्व दाखिला भौचर</td><td></td></tr>
<tr><td>८</td><td>समरी सिट वा क्यालकुलेसन सिट</td><td></td></tr>
<tr><td>९</td><td>आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण</td><td></td></tr>
<tr><td>१०</td><td>भुक्तानीको तरिका (किस्ताको किसिम)</td><td></td></tr>
<tr><td>११</td><td>सिफारिस माग गरिएको रकम (अक्षरमा)</td><td></td></tr>
<tr><td>१२</td><td>सिफारिस माग गरिएको रकम (अंकमा)</td><td></td></tr>
<tr><td>१३</td><td>सिफारिस माग गरिएको विदेशी मुद्रा</td><td></td></tr>
<tr><td></td><td>सिफारिस माग गरिएको बैंकको नाम र शाखा</td><td></td></tr>
<tr><td rowspan="9">१४</td><td colspan="2">क्रमानुसार पेश गर्नुपर्ने कागजात:</td></tr>
<tr><td colspan="2">क. कभरिङ्ग लेटर</td></tr>
<tr><td colspan="2">ख. परीक्षण सूची</td></tr>
<tr><td colspan="2">ग. सर्भेयर नियुक्त गरेको प्रमाण</td></tr>
<tr><td colspan="2">घ. सर्भेयर नियुक्ति सम्बन्धमा प्राधिकरणको स्वीकृती पत्र (आवश्यकता अनुसार)</td></tr>
<tr><td colspan="2">ङ. विजक</td></tr>
<tr><td colspan="2">च. समरी सिट वा क्यालकुलेसन सिट</td></tr>
<tr><td colspan="2">छ. राजस्व दाखिला गरिएको प्रमाण / राजस्व दाखिला भौचर</td></tr>
<tr><td colspan="2">ज. आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण</td></tr>
<tr><td colspan="3">नोट: विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित प्रत्येक कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ ।</td></tr>
</table>

<table>
<tr><td>तयार गर्नेको हस्ताक्षर... ... ... ... ...</td><td>स्वीकृत गर्नेको हस्ताक्षर... ... ... ... ...</td></tr>
<tr><td>तयार गर्नेको नाम... ... ... ... ...</td><td>स्वीकृत गर्नेको नाम... ... ... ... ...</td></tr>
<tr><td>मिति ... ... ... ... ...</td><td>मिति ... ... ... ... ...</td></tr>
<tr><td colspan="2">स्वः घोषणा</td></tr>
<tr><td colspan="2">यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि विदेशी सर्भेयर बापत विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ।</td></tr>
<tr><td colspan="2">प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर:</td></tr>
<tr><td colspan="2">प्रमुख कार्यकारी अधिकृतको नाम:</td></tr>
<tr><td colspan="2">कम्पनीको नाम:</td></tr>
</table>

## अनुसूची-७

**(दफा ६ को खण्ड (ग) सँग सम्बन्धित)**

… … … … कम्पनी लि.

… … …, काठमाडौं

**<u>सफ्टवेर सेवा बापत विदेशी मुद्रा भुक्तानीप्रयोजनको लागि परीक्षण सूची</u>**

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | बीमकले प्रयोजनमा ल्याएको सफ्टवेरको नाम | |
| २ | सफ्टवेरयर सेवा प्रदायक संस्थाको नाम | |
| ३ | बीमक र सफ्टवेर सेवा प्रदायक बीचको भएको सम्झौता पत्र | |
| ४ | विजक | |
| ५ | समरी सिट वा क्यालकुलेसन सिट | |
| ६ | राजस्व दाखिला गरिएको प्रमाण /राजस्व दाखिला भौचर | |
| ७ | आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| ८ | सिफारिस माग गरिएको रकम (अंकमा) | |
| ९ | सिफारिस माग गरिएको रकम (अक्षरमा) | |
| १० | सिफारिस माग गरिएको विदेशी मुद्रा | |
| ११ | सिफारिस माग गरिएको बैंकको नाम र शाखा | |
| १२ | **क्रमानुसार पेश गर्नुपर्ने कागजात:** | |
| | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. बीमक र सफ्टवेर विक्रेता बीचको सम्झौता | |
| | घ. विजक | |
| | ङ. समरी सिट वा क्यालकुलेसन सिट | |
| | च. राजस्व दाखिला प्रमाण/ राजस्व दाखिला भौचर | |
| | छ. आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| **नोट:** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित हरेक कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ। | | |
| **तयार गर्नेको हस्ताक्षर… … … … …** | | **स्वीकृत गर्नेको हस्ताक्षर… … … … …** |
| **तयार गर्नेको नाम… … … … …** | | **स्वीकृत गर्नेको नाम… … … … …** |
| **मिति … … … … …** | | **मिति … … … … …** |
| **<u>स्व: घोषणा</u>** | | |



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| |
|---|
| यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि सफ्टवेर सेवा बापत विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ। |
| प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर: |
| प्रमुख कार्यकारी अधिकृतको नाम: |
| कम्पनीको नाम: |

अनुसूची-८

**(दफा ६ को खण्ड (घ) सँग सम्बन्धित)**

... ... ... ... कम्पनी लि.

... ... ..., काठमाडौं

**तेश्रो पक्ष सहजकर्ता (TPA) सेवा बापत विदेशी मुद्रा भुक्तानीप्रयोजनको लागि परीक्षण सूची**

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १ | तेश्रो पक्ष सहजकर्ता सेवा प्रदायकको नाम | |
| २ | तेश्रो पक्ष सहजकर्ताबाट लिएको सेवा / विषय | |
| ३ | बीमक र तेश्रो पक्ष सहजकर्ता बीच भएको सम्झौता पत्र | |
| ४ | बीमितको नाम र पोलिसी नं | |
| ५ | पोलिसीको प्रतिलिपि | |
| ६ | रोगको विवरण खुलाएको अस्पतालको रिपोर्ट | |
| ७ | तेश्रो पक्ष सहजकर्ताको इजाजपत्र प्रमाण | |
| ८ | अस्पतालबाट जारी भएको विजक | |
| ९ | तेश्रो पक्ष सहजकर्ताबाट बाट जारी भएको डेबिट नोट | |
| १० | सिफारिस माग गरिएको रकम (अंकमा) | |
| ११ | सिफारिस माग गरिएको रकम (अक्षरमा) | |
| १२ | सिफारिस माग गरिएको बैंकको नाम र शाखा | |
| १३ | क्रमानुसार पेश गर्नुपर्ने कागजातः | |
| | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. बीमक र TPA बीचको सम्झौता | |
| | घ. पोलिसीको प्रतिलिपि | |
| | ङ. TPA को इजाजपत्र प्रमाण | |
| | च. अस्पतालबाट जारी भएको विजक | |
| | छ. TPA बाट जारी भएको डेबिट नोट | |

**नोटः** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित प्रत्येक कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ ।

| | |
|---|---|
| **तयार गर्नेको हस्ताक्षर... ... ... ... ...** | **स्वीकृत गर्नेको हस्ताक्षर... ... ... ... ...** |
| **तयार गर्नेको नाम... ... ... ... ...** | **स्वीकृत गर्नेको नाम... ... ... ... ...** |
| **मिति ... ... ... ... ...** | **मिति ... ... ... ... ...** |

**स्वः घोषणा**



नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

| |
|---|
| यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि तेश्रो पक्ष सहजकर्ता (TPA) सेवा बापत विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ। |
| प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर: |
| प्रमुख कार्यकारी अधिकृतको नाम: |
| कम्पनीको नाम: |

अनुसूची-९

(दफा ७ सँग सम्बन्धित)

... ... ... ... कम्पनी लि.

... ... ..., काठमाडौं

## तालिम, गोष्ठि तथा सभा सम्मेलनको शुल्क बापत विदेशी मुद्रा भुक्तानी प्रयोजनको लागि परीक्षण सूची

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | तालिम /गोष्ठि तथा सभा सम्मेलनको सूचना प्रकाशित भएको प्रमाण /निमन्त्रणा पत्र | |
| २ | तालिम /गोष्ठि तथा सभा सम्मेलन प्रदान गर्ने संस्थाको नाम | |
| ३ | तालिम /गोष्ठि तथा सभा सम्मेलनका लागि कर्मचारी छनोटमा कम्पनीको निर्णय | |
| ४ | तालिम /गोष्ठि तथा सभा सम्मेलनको समय अवधि | |
| ५ | विजक | |
| ६ | राजस्व दाखिला प्रमाण/ राजस्व दाखिला भौचर | |
| ७ | आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| ८ | समरी सिट वा क्यालकुलेसन सिट | |
| ९ | सिफारिस माग गरिएको रकम (**अंकमा**) | |
| १० | सिफारिस माग गरिएको रकम (**अक्षरमा**) | |
| ११ | सिफारिस माग गरिएको विदेशी मुद्रा | |
| १२ | सिफारिस माग गरिएको बैंकको नाम र शाखा | |
| १३ | **क्रमानुसार पेश गर्नुपर्ने कागजात:** | |
| | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. तालिम, गोष्ठि तथा सभा सम्मेलनको सूचना प्रकाशित भएको प्रमाण | |
| | घ. तालिम, गोष्ठि तथा सभा सम्मेलनका लागि कर्मचारी छनोटमा कम्पनीको निर्णय | |
| | ङ. विजक | |
| | च. समरी सिट वा क्यालकुलेसन सिट | |
| | छ. राजस्व दाखिला प्रमाण/ राजस्व दाखिला भौचर | |
| | ज. आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |

**नोट:** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित सम्पूर्ण कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ ।

**तयार गर्नेको हस्ताक्षर... ... ... ... ...** | **स्वीकृत गर्नेको हस्ताक्षर... ... ... ...**

| | |
|---|---|
| तयार गर्नेको नाम... ... ... ... ... | स्वीकृत गर्नेको नाम... ... ... ... ... |
| मिति ... ... ... ... ... | मिति ... ... ... ... ... |

**स्व: घोषणा**

यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि तालिम, गोष्ठि तथा सभा सम्मेलनको प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ।

| | |
|---|---|
| प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर: | |
| प्रमुख कार्यकारी अधिकृतको नाम: | |
| कम्पनीको नाम: | |

**अनुसूची १०**
**(दफा ८ सँग सम्बन्धित)**
... ... ... ... कम्पनी लि.
... ... ..., काठमाडौं

**अन्तर्राष्ट्रिय संघ संस्थामा आवद्ध सदस्यता शुल्क बापत विदेशी मुद्रा भुक्तानी प्रयोजनको लागि परीक्षण सूची**

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १ | अन्तर्राष्ट्रिय संघ संस्थाको नाम | |
| २ | सदस्यताको प्रमाण पत्र | |
| ३ | सदस्यता शुल्कको बापतको बिजक | |
| ४ | सदस्यता शुल्कको समय अवधि | |
| ५ | सिफारिस माग गरिएको रकम (**अंकमा**) | |
| ६ | सिफारिस माग गरिएको रकम (**अक्षरमा**) | |
| ७ | सिफारिस माग गरिएको विदेशी मुद्रा | |
| ८ | सिफारिस माग गरिएको बैंकको नाम र शाखा | |
| ९ | राजस्व दाखिला प्रमाण/ राजस्व दाखिला भौचर | |
| १० | आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| ११ | **क्रमानुसार पेश गर्नुपर्ने कागजात:** | |
| | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. सदस्यताको प्रमाण पत्र | |
| | घ. विजक | |
| | ङ. समरी सिट वा क्यालकुलेसन सिट | |
| | च. राजस्व दाखिला प्रमाण/ राजस्व दाखिला भौचर | |
| | छ. आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |

**नोट:** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित सम्पूर्ण कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ।

| | |
|---|---|
| **तयार गर्नेको हस्ताक्षर: ...........** | **स्वीकृत गर्नेको हस्ताक्षर: ...........** |
| **तयार गर्नेको नाम: ...........** | **स्वीकृत गर्नेको नाम : ...........** |
| **मिति: ...........** | **मिति: ...........** |

**स्व: घोषणा**

यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि अन्तराष्ट्रिय संघ संस्थामा आवद्ध सदस्यता शुल्कको प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ।

प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर:

| | |
|---|---|
| प्रमुख कार्यकारी अधिकृतको नाम: | |
| कम्पनीको नाम: | |

**अनुसूची-११**

**(दफा ९ सँग सम्बन्धित)**

... ... ... ... कम्पनी लि.

... ... ..., काठमाडौं

**<u>आ व...... लाभांश फिर्तालाने प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी प्रयोजनको लागि परीक्षण सूची</u>**

| **क्र.सं.** | **शिर्षक** | **विवरण** |
|---|---|---|
| १ | कम्पनीको नाम, प्रधान कार्यालय | |
| २ | सञ्चालक समितिको निर्णय | |
| ३ | आ व ..... Balance sheet स्वीकृतीको पत्र | |
| ४ | नाफा/घाटा क्यालकुलेसन सिट | |
| ५ | प्राधिकरणबाट लाभांश फिर्ता सम्बन्धी स्वीकृतीपत्र | छ ... ... |
| | | छैन ... ... |
| ६ | राजस्व दाखिला गरिएको प्रमाण /राजस्व दाखिला भौचर | |
| ७ | आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| ८ | सिफारिस माग गरिएको रकम (**अंकमा**) | |
| ९ | सिफारिस माग गरिएको रकम (**अक्षरमा**) | |
| १० | सिफारिस माग गरिएको विदेशी मुद्रा | |
| ११ | सिफारिस माग गरिएको बैंकको नाम र शाखा | |
| १२ | पूर्व आ.व को लाभांश फिर्ता गरेको प्रमाण (Swift Copy) | छ ... ... |
| | | छैन ... ... |
| १३ | **क्रमानुसार पेश गर्नुपर्ने कागजात:** | |
| | क. कभरिङ्ग लेटर | |
| | ख. परीक्षण सूची | |
| | ग. सञ्चालक समितिको निर्णय | |
| | घ. प्राधिकरणबाट लाभांश फिर्ता सम्बन्धी आवश्यक कागजात | |
| | ङ. आ व ..... Balance sheet स्वीकृतीको पत्र | |
| | च. राजस्व दाखिला गरिएको प्रमाण /राजस्व दाखिला भौचर | |
| | छ. आन्तरिक राजस्व कार्यालयबाट राजस्व दाखिला रूजु भएको प्रमाण | |
| | ज. पूर्व आ.व को लाभांश फिर्ता गरेको प्रमाण (Swift Copy) | |
| | झ. नाफा/घाटा क्यालकुलेसन सिट | |
| **नोट:** विदेशी मुद्रा सटही सिफारिस स्वीकृतिका लागि पेश गर्दा माथि उल्लेखित प्रत्येक कागजपत्र प्रमाणित (सहि छाप) गरी क्रमबद्ध रुपमा संलग्न गरी पेश गर्नुपर्नेछ। | | |
| **तयार गर्नेको हस्ताक्षर: ...........** | | **स्वीकृत गर्ने हस्ताक्षर: ...........** |
| **तयार गर्नेको नाम: ...........** | | **स्वीकृत गर्नेको नाम : ...........** |
| **मिति: ...........** | | **मिति: ...........** |
| **<u>स्व: घोषणा</u>** | | |

| |
|---|
| यस दस्तावेजमार्फत हामी यो प्रमाणित गर्दछौं कि आ व .................. लाभांश फिर्तालाने प्रयोजनार्थ विदेशी मुद्रा भुक्तानी स्वीकृतिको लागि पेश गरिएका सम्पूर्ण कागजातहरू प्रचलित कानून, नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समयसमयमा जारी निर्देशन बमोजिम रहेको व्यहोरा प्रमाणित गरिएको छ । |
| प्रमुख कार्यकारी अधिकृतको हस्ताक्षर: |
| प्रमुख कार्यकारी अधिकृतको नाम: |
| कम्पनीको नाम: |